# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, बोर्ड अफ ट्रस्टीज्

## नवगठित कार्यसमितिको पहिलो बैठक

बेस्ट वेस्टर्न ब्याटलफिल्ड ईन, मनानस भर्जिनिया

**शनिवार जनवरी ५, २०१९**

## बैठकमा भएका छलफल र निर्णयहरू

उपस्थिति : **गीता खत्री, पुरु सुवेदी, पदम विश्वकर्मा, शिव लामिछाने, प्रा. डा. गोपी उप्रेती, तीर्थराज अधिकारी**

आमन्त्रित अतिथि : **डा. श्याम कार्की, विकास विष्ट, भीम रेग्मी र प्रकाश नेपाल**

अनुपस्थित : **राम लामा**

१. अध्यक्ष गीता खत्रीले बैठकको सुरुआत भएको बताउँदै कार्यसमितिका पदाधिकारीहरुको उपस्थितिको जानकारी गराउन सचिव शिव लामिछानेलाई अनुरोध गर्नुभयो ।

२. सचिव शिव लामिछानेले कार्यसमितिका पदाधिकारीहरुको उपस्थितिबारेको जानकारी अध्यक्ष खत्रीलाई जानकारी गराउँदै कोषध्यक्ष राम लामा अभिनासी निजी कार्यका लागि जापान भ्रमणमा रहनुभएको र कार्यसमितिको पदाधिकारीहरुको सपथग्रहणमा आफू उपस्थित हुन असमर्थ रहेको जानकारी दिएको बताउनुभयो ।

साथै सचिव लामिछानेले आजको बैठकमा निवर्तमान अध्यक्ष डा.श्याम कार्की तथा वहाँकी धर्मपत्नी इन्दिरा कार्की, बोर्ड अफ ट्रस्टी सदस्यहरु प्रकाश नेपाल र पूर्व केन्द्रीय अध्यक्ष तथा ट्रस्टी भीम रेग्मी एवं केन्द्रीय कोषाध्यक्ष विकास विष्ट आमन्त्रित रहनुभएको जानकारी गराउनुभयो । सचिवले बैठकमा सदस्यहरुको उपस्थितिको बहुमत रहेकाले बैठक अघि बढाउन अध्यक्षलाई अनुरोध गर्नुभयो ।

३. अध्यक्ष खत्रीले विगत चार वर्षदेखि बिओटीको बैठक रोबट्सको नियमअनुसार सञ्चालन हुँदा निकै अनुशासित एवं मर्यादित हुने गरेकाले त्यसको प्रभावकारिताको उल्लेख गर्नुभयो । यस कार्यसमितिले पनि आजैका दिनदेखि बैठकलाई रोबर्टसको नियम अनुसार सञ्चालन गर्ने प्रस्ताव गर्नुभयो । त्यसलाई सचिव शिव लामिछानेले समर्थन गर्नुभयो । छलफलपछि अध्यक्ष खत्रीको प्रस्ताव उपस्थितिको सर्वसम्मतिले पारित भयो ।

अध्यक्ष खत्रीले निर्वाचित कार्यसमितिका सबै पदाधिकारीहरुलाई निर्वाचनको परिणामप्रति खुसी व्यक्त गर्दै बधाई ज्ञापन गर्नुभयो । वहाँले निर्वतमान कार्य समितिलाई बिओटी कार्यसमितिको सफल कार्यकालका लागि बधाई ज्ञापन गर्ने र बिओटीको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गरेकामा निर्वाचन समितिका संयोजक भीम कार्की र सदस्यद्वय तीर्थ अधिकारी तथा वेदराज बस्नेतलाई धन्यवाद दिने प्रस्ताव गर्नुभयो । बैठकले अध्यक्ष खत्रीका दुवै प्रस्तावमाथि छलफल गरी सर्वसम्मतले पारित गऱ्यो ।

४. अध्यक्ष गीता खत्रीले पदाधिकारीहरुलाई बोल्न समय दिनुभयो ।

क. बैठकमा उपाध्यक्ष पुरु सुवेदीले उपाध्यक्ष पदमा भएको मतदानमा मतदाताका रुपमा ट्रस्टी साथीहरुले आफूलाई आगामी चार वर्षका लागि उपाध्यक्षको जिम्मेवारीसहित विजय गराएकामा मतदाताप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । अनेसासको इतिहासमा बिओटीमा पहिलो महिला अध्यक्षका रुपमा निर्विरोध निर्वाचित हुनुभएकामा गीता खत्रीलाई बधाई दिनुभयो ।

वहाँले कार्यसमितिले निर्वाचनका समयमा आगामी चार वर्षमा बिओटीको कार्यसमितिले गर्ने भनी अघि सारेका कार्यहरु प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्ने कुरा प्रस्तुत गर्नुभयो । साथै उपाध्यक्ष सुवेदीले अनेसासको वेभसाइटलाई अविलम्ब नवीकरण गर्नुपर्ने र बिओटीका सबै गतिविधि समेटिने गरी बिओटीको वेभसाइट पनि अनेसासको वेभसाइटमा रहनुपर्ने कुरा उल्लेख गर्नुभयो । वहाँले यो कार्यसमितिले ट्रस्टी सम्मेलन गरी सबै ट्रस्टीहरुलाई जागरुक र सक्रिय बनाउनुपर्ने प्रस्ताव गर्नुभयो ।

ख. उपाध्यक्ष पदम विश्वकर्माले बिओटीको निवर्तमान कार्यसमितिले अनेसास केन्द्रीय समितिको निर्वाचन गर्न, बिओटीको यस पटकको निर्वाचन गर्न र अनेसासको ऐतिहासिक रजतजयन्ती सफलतापूर्वक सम्पन्न गरेकामा अध्यक्ष डा. श्याम कार्की र निर्वातमान कार्यसमितिप्रति धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

ग. सचिव शिव लामिछानेले बिओटीले विगत चार वर्षमा अनेसासको ऐतिहासिक प्रगतिका कार्यमा केन्द्रीय समितिलाई हरतरहले सहयोग गरेको बताउँदै अनेसासको विधान संशोधनको कार्यसमेत गरेको निवर्तमान कार्यसमितिका अध्यक्ष डा. श्याम कार्कीलाई यस कार्यसमितिका प्रमुख सल्लाहकार नियुक्त गर्न प्रस्ताव गर्नुभयो ।

घ. पुरस्कार समितिका अध्यक्ष प्रा. डा. गोपी उप्रेतीले पुरस्कार समितिको गठनका लागि विधानका प्रावधानलाई पूर्ण पालना गरिने बताउँदै छिटै समितिको गठन गरी अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार २०१९ का लागि लेखकहरुबाट पुस्तक संकलनको थालनी गरिने बताउनुभयो । डा. उप्रेतीले बिओटीको वेभसाइटमा पुरस्कार समितिका लागि छुट्टै लिङ्क बनाउँदा पाठकहरुले पुरस्कार समितिका नवीनतम कार्यहरु अलग्गै हेर्न पाउने हुँदा समितिको गतिविधिका लागि बिओटीको वेभसाइटभित्रै अलग पेज बनाउन प्रस्ताव गर्नुभयो ।

ङ. सदस्य तीर्थराज अधिकारीले बिओटीको सल्लाहकार नियुक्त गर्दा विभिन्न क्षेत्रका व्यक्तिहरुलाई समेटेर नियुक्त गर्नुपर्ने सुझाव दिनुभयो ।

च. अनेसास केन्द्रीय समितिको प्रतिनिधिका रुपमा उपस्थित हुनुभएका केन्द्रीय कोषाध्यक्ष विकास विष्टले केन्द्रीय समितिले गरेका पछिल्ला निर्णयबारेको माइन्युट बिओटीमा पठाइने बताउनुभयो । साथै वहाँले अनेसासको मुखपत्र अन्तर्दृष्टिको प्रकाशनको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउनुभयो । साथै वहाँले आजीवन सदस्यहरुको नामवली संकलन र मतदाता नामवली प्रमाणीकरण गर्ने कार्य सुरु भएको बैठकमा जानकारी गराउनुभयो ।

छ. पदाधिकारीहरु र केन्द्रका प्रतिनिधिका  तर्फबाट विचार राखिएपछि अध्यक्ष गीता खत्रीले पूर्व अध्यक्ष डा श्याम कार्कीलाई विचार राख्न समय दिनुभयो । डा कार्कीले केन्द्रले मतदाताको नामवली अद्यावधि गर्न र प्रमाणीकरण गर्न बिओटीबाट मार्गदर्शन लिनुपर्ने बताउनुभयो । साथै वहाँले हालै सम्पन्न निर्वाचनमा प्रमाणीकरण भइसकेका नामहरुलाई फेरि प्रमाणीकरण गर्नु नपर्ने विचार राख्नुभयो । वहाँले केन्द्रीय समितिका गतिविधिहरुलाई केन्द्रीय अध्यक्षले बिओटीको बैठकमा समय लिएर धेरै व्याख्या गर्नुभन्दा केन्द्रीय समितिको बैठकको निर्णयलाई बिओटीमा पठाएर समय बचत गर्न सल्लाह दिनुभयो । साथै वहाँले निर्वाचन समितिको गठन भएपछि मतदान प्रयोजनका लागि नयाँ सदस्यता वितरण गर्न बन्द गर्नुपर्ने विचार राख्नुभयो ।

ज. बिओटी सदस्य प्रकाश नेपाल बैठकमा उपस्थित हुनुहुन्थ्यो । ट्रस्टी प्रकाश नेपालले बिओटीले चार वर्षमा पूरा गर्ने लक्ष्य लिएका कार्यहरुको कार्ययोजना आउनुपर्ने बताउनुभयो । वहाँले बिओटी कार्यसमितिले तयार गरेको योजनाअनुसार शत प्रतिशत कार्य सम्पादन हुनुपर्ने सल्लाह दिनुभयो ।

झ. बैठकमा सहभागी पूर्व केन्द्रीय अध्यक्ष एवं बिओटी सदस्य भीम रेग्मीले बिओटीमा नयाँ क्रियाशील साथीहरुको प्रवेश भएको अवस्थामा उनीहरुको रुचि हेरी बिओटीले कार्यक्षेत्र बढाएर उनीहरुलाई जिम्ममेवारी दिनुपर्ने बताउनुभयो ।

अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार वितरण समारोहमा सबै बिओटी सदस्यहरुलाई उपस्थितिका लागि निमन्त्रणा गर्नुपर्ने वहाँको सुझाव थियो ।

कार्यसमितिका पदाधिकारीहरूबाट प्रस्तुत प्रस्तावमाथि छलफल हुँदा बैठकले देहायका निर्णयहरु सर्वसम्मतिले गऱ्यो :

क. उपाध्यक्ष पुरु सुवेदीको प्रस्तावमाथि छलफल गरी अनेसासको केन्द्रीय कार्यालयको भवन/जमीन खरिदका लागि बजेट र सम्भावित स्थानको खोजी गर्न अविलम्ब एक समिति गठन गर्ने निर्णय गऱ्यो ।

ख. उपाध्यक्ष पदम विश्वकर्माले निवर्तमान कार्यसमितिलाई धन्यवाद ज्ञापन गर्न गर्नुभएको प्रस्तावमाथि छलफल भई तत्कालीन केन्द्रीय अध्यक्षका रुपमा पदम विश्वकर्माले निर्वाह गर्नुभएको सफल भूमिकाका लागि वहाँलाई समेत गरी निवर्तमान बिओटी कार्यसमिति र पूर्व केन्द्रीय कार्यसमितिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय बैठकले सर्वसम्मतले गऱ्यो ।

ग. निवर्तमान बिओटी अध्यक्ष डा. श्याम कार्कीलाई बिओटी कार्यसमितिको प्रमुख सल्लाहकारमा नियुक्त गर्ने सचिव शिव लामिछानेको प्रस्तावलाई पुरस्कार समिति अध्यक्ष प्रा. डा. गोपी उप्रेतीले समर्थन गर्नुभएपछि समितिले सर्वसम्मतिले निर्णय गऱ्यो ।

घ. पुरस्कार समितिका अध्यक्ष प्रा. डा. गोपी उप्रेतीले पुरस्कार समितिको गठन गर्ने समयका लागि राख्नुभएको प्रस्तावमा छलफल भई समितिको अर्को बैठकमा सदस्यहरुको प्रस्ताव प्रस्तुत गर्न अध्यक्ष डा. उप्रेतीलाई तयारीको समय दिने निर्णय गऱ्यो । साथै पुरस्कार समितिका गतिविधिलाई नवीकरण गर्ने डा. उप्रेतीको प्रस्तावलाई समितिले समर्थन गऱ्यो ।

ङ. सदस्य तीर्थराज अधिकारीको सल्लाहकारका क्षेत्रगत विविधतामाथिको प्रस्तावमाथि छलफल भई बैठकले सल्लाहकार नियुक्त गर्दा समिति र सिङ्गो अनेसासलाई लाभ हुने र स्वयं नियुक्त हुने सल्लाहकारलाई संस्थाप्रतिको बोध गराउने वातावरण सृजना गरी थोरै संख्यामा सल्लाहकार नियुक्त गर्ने निर्णय गऱ्यो ।

च. बैठकले प्रमुख सल्लाहकारलाई कार्यसमितिको नियमित बैठकमा आमन्त्रण गर्ने, विचार राख्ने समय दिने र आवश्यकताअनुसार नियमित सल्लाह लिने तर सल्लाहकारको बैठकमा मदाधिकार नरहने निर्णय गऱ्यो ।

छ. आगामी सन् २०१९ को अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तक संकलन कार्य आगामी फरबरी २८ सम्मको म्याद तय गर्ने र त्यस समयभित्र पुस्तक दर्ता गर्नका लागि सबै देशमा रहेका लेखकहरुलाई आह्वान गर्ने निर्ण गऱ्यो ।

ज. अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि दर्ता भएका पुस्तकहरुको मूल्याँकन गरी नतिजा सार्वजनिक गर्ने कार्य भानुजयन्तीका दिन गर्ने र पुरस्कार वितरणको कार्य देवकोटा जयन्तीका अवसरमा गरिने निर्णय आजको बैठकले गऱ्यो

५. अध्यक्ष गीता खत्रीले अन्य विषयमा छलफलका लागि सदस्यहरुलाई थप समय दिनुभयो । अरु विषयमा खासै उल्लेख्य छलफल भएन ।

६. अध्यक्ष गीता खत्रीले आगामी बैठक यही जनवरी ७, सोमबार बेलुकी साढे आठ बजे सुरु हुने बैठकलाई जनकारी गराउनुभयो ।

७. अध्यक्ष गीता खत्रीले आजको बैठक समाप्त भएको घोषणा गर्नुभयो ।